# पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड

बुद्धनगर काठमाडौं, फो.नं. ०१४७९५७४५

## १५औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०२/१४)**

मिति २०८०/२/१३ गते बसेको संचालक समितिको वैठकको निर्णयानुसार यस पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको १५औं (आ.व.२०७८/०७९) वार्षिक साधारण सभा निम्न मिति स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदा सम्पुर्ण शेयरधनी महानुभावहरुको अनिवार्य उपस्थितीको लागि अनुरोध गरिएको छ ।

## सभा हुने मिति, स्थान र समय :

**मिति :** २०८०/०३/०४ गते सोमबार,
**समय :** दिनको १०:०० बजे ।
**स्थान :** क्वालिटी बेङ्क्वेट, बुद्धनगर, काठमाण्डौ ।

**(क) सामान्य प्रस्तावः**

१) संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७८।०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) आ.व. २०७८।०७९ को लेखापरिक्षकको प्रतिवेदन सहित २०७९ असाढ मसान्तको वासलात, नाफा । नोक्सान हिसाव, नगद प्रवाह विवरण र शेयर पूजीमा भएको परिवर्तन लगायत अन्य अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने ।
३) आ.व. २०७९।०८० को लागि लेखापरिक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) सर्वसाधारण शेयरधनी तर्फबाट २ जना संचालकको निर्वाचन सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव ।**

१) यस कम्पनीको अधिकृत पुँजी बृद्धिको लागि प्रबन्धपत्रको दफा ६ (क) संशोधन गर्ने सम्बन्धमा ।
२) यस कम्पनीको प्रबन्धपत्रको दफा ६ (घ) मा भएको संशोधन अनुमोदन गर्ने सम्बन्धमा ।
३) बैंक तथा बित्तिय संस्थाबाट कम्पनीको चुक्ता पूँजी भन्दा बढि ऋण लिने सम्बन्धमा ।

**(ग) विविध ।**

## साधारण सभा सम्बन्धि सामान्य जानकारी

१) सभामा उपस्थित हुनु हुने शेयरधनी महानुभाबहरुले आफ्नो परिचय खुल्ने कागजात साथमा लिएर आउनुहुन अनुरोध गरिन्छ ।
२) प्रतिनिधि नियुक्त हुने व्यक्तिले सभा सुरु हुनुभन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र (प्रोक्सी) यस कम्पनीको रजिष्टर्ड कार्यालय बुद्धनगर काठमाण्डौमा शेयर रजिष्ट्रर सानिमा क्यापिटलमा बुझाई सक्नु पर्नेछ ।
३) एक जना शेयरधनीले एक भन्दा बढिलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि पत्र ( प्रोक्सी) बदर हुनेछ । तर प्रतिनिधिपत्र (प्रोक्सी) दिने शेयरधनीले आफुले अगाडी दिएको प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरेको ब्यहोरा स्पस्ट उल्लेख गरी तोकिएको म्यादै भित्र छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छन् । त्यस्तो अवस्थामा अघिल्लो प्रतिनिधी पत्र (प्रोक्सी) स्वतह बदर भएको मानिने छ ।
४) प्रतिनिधि मुकरर गर्दा आंशिक रुपमा मुकरर गर्न पाईने छैन ।
५) विविध शीर्षक अन्तर्गत शेयरधनी महानुभावहरुले कुनै विषयमा छलफल गर्नु पर्ने भएमा सभा हुनुभन्दा ७ (सात) दिन अगावै लिखित रुपमा अध्यक्षलाई सम्वोधन गरी रजिष्टर्ड कार्यालय बुद्धनगर काठमाण्डौमा छलफलको विषय दर्ता गर्नु पर्नेछ ।
६) मितिः२०८०/०३/०४ मा हुने बार्षिक साधारण सभा प्रयोजनका लागि मितिः२०८०/२/२५ गतेलाई बुकक्लोज मिति तोकिएको कुरा समेत सम्बन्धित सवैलाई यसै सुचना द्धारा सुचित गरिएको छ ।
७) संचालकको निर्वाचन सम्बन्धमा निर्वाचन अधिकृतको तर्फबाट मितिः२०८०।२।२९ मा निर्बाचन कार्यक्रम कम्पनीको रजिष्टर्ड कार्यालय बुद्धनगरको सुचना पाटिमा सुचना प्रकासित हुने हुदा सम्बन्धित सवैमा सो बिषयमा समेत यसै सुचना द्धारा सुचित गरिन्छ ।
८) अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय बुद्धनगर काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**